# आर्थिक बर्ष २०८१।०८२ को

# नीति तथा कार्यक्रम

हरिपुर्वा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हरिपुर्वा , सर्लाही

मधेश प्रदेश, नेपाल

**मिति.२०८१/०३/१०**

**पारित मिति: २०८१/०३/१२**

**प्रमाणिकरण मिति: २०८१/०३/१३**

# हरिपुर्वा नगरपालिका
# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

**आदरणीय नगरसभा सदश्य ज्यू,**

प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिहरुज्यू, नगरसभाका सदस्यज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी एवम् कर्मचारी मित्रहरु,

यस हरिपुर्वा नगरपालिका नगर सभाको **तेह्रौ अधिवेशन तथा आठौ बजेट अधिवेशनमा** नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित र गौरवान्वित महसुस गरेको छु । सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युग सम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता एवम् संघीयता सहितको मुलुकको समृद्धिको भाग्य रेखा कोर्न लामो संघर्ष एवम् मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा विभिन्न समयमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण आदरणीय अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

हरिपुर्वा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सवै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको वाटोमा अघि बढ्न यो नगरपालिका दृढ छ । हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । 'मालिक होइन, सेवक हौं' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्ग दर्शनका रुपमा ग्रहण गरेका छौं ।

चालु आर्थिक वर्षमा नगर सभाको सातौ वजेट अधिवेशनले स्वीकृत गरेका नीति तथा कार्यक्रमवाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनवाट प्राप्त उपलब्धीको समिक्षा गर्दै, नेपाल सरकार, मधेश प्रदेश सरकारको स्थानीय तहसँगको सहकार्य, समन्वय, साझेदारी गर्ने नीति तथा कार्यक्रमसँग समन्वय हुने गरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्वन्धित क्षेत्रगत विषयहरुमा केन्द्रित रही यस हरिपुर्वा नगरपालिकाको विकासको सम्भावनालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष

नगर प्रमुख
विनोद कुमार साह

२०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्यनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुऱ्याइ हरिपुर्वा नगरपालिकालाई समृद्ध नगरको रुपमा विकास गर्न नगर सभा सदस्यहरुको सक्रियता, आम जनसमुदाय, वुद्धिजिवी, उद्यमी व्यवसायीहरुवाट रचनात्मक सहयोग अपेक्षा राखेको छु ।

**आदरणीय नगरसभा सदश्य ज्यु ,**

आम नगरवासीको रोजगारी, जनजीविकामा सहजता एवं आर्थिक समृद्धिका लागि सामाजिक न्याय सहितको सुशासन, दिगो पुर्वाधार विकासमा टेवा पुऱ्याउदै नगरको चौतर्फी विकासमाको लक्ष्यलाई हासिल गर्ने अपेक्षा एवं दृढ विश्वासका साथ आ. व २०८१।८२ को वजेट स्रोतको रुपमा यस नगरपालिकाका लागि संघिय सरकार बाट प्राप्त वितिय सामान्यीकरण रकम रु १० करोड, ८५ लाख, संघीय शसर्त अनुदान रु १३ करोड ५१ लाख ४५ हजार, त्यस्तै संघीय राजश्व बाँडफाड रु ९ करोड २९ लाख, केन्द्रिय समपुरक अनुदानबाट रु १करोड ५० लाख त्यसैगरी, केन्दिय विशेष अनुदानबाट रु २करोड ५५ लाख, मधेस प्रदेश सरकारबाट शसर्त अनुदान स्वरुप रु ९५ लाख, सामान्यिकरण अनुदानबाट रु ७८ लाख ७८ हजार, प्रदेश राजश्व बाँडफाँडबा रु ३७ लाख, प्रदेश विशेष अनुदानबार रु ३० लाख, प्रदेस समपुरक अनुदानबाट रु २० लाख र नगरपालिकाको आन्तरीक आय र अल्या बाट एकमुष्ट रु ३ करोड प्राप्त हुने अनुमान गरि यस आ.ब को लागि कुल बजेट रु ४३ करोड ३१ लाख २३ हजारको सीमा भित्र रहि निति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

**१ आर्थिक विकास क्षेत्र :**

**क. कृषि :**

- नगरपालिका भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउन तथा अन्नदाता किसानहरुको मनोवल उच्च बनाउनको लागि निशुल्क बियाँ( विच्छन) निशुल्क पानी कार्यक्रम संचालन गरिनेछ।
- कृषि उपज संकलन तथा वजारीकरणको पूर्वाधार तयार गरिनेछ ।
- कृषि उपज संरक्षणको लागि कोल्डस्टोरको निर्माणको लागि पहल गरिनेछ।
- यस न.पा मा बास्मती धानबाली पकेट विकास कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई कृषि ज्ञान तथा सिपमा अभिवृद्धि गर्न कृषि तालिम तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- आगामि आ.व.मा किसान सूचिकरण कार्यक्रम संचालन गरिनेछ ।
- कृषि जैविक मल तथा उन्नत वीउ विजन वितरणको व्यवस्था मिलाइनेछ ।

नगर प्रमुख
बिनोद कुमार साह

- सिंचाई प्रणाली आसपासका जग्गाहरु बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ भने खाली जमिनमा केरा, मकै, घाँस, फूल, नर्सरी संचालन लगायतका कृषिजन्य क्रियाकलाप संचालनका लागि प्रोत्साहित गरिनेछ ।
- "माछा उत्पादनमा आत्मनिर्भर" नगरपालिका घोषणाको लागि माछा पोखरी निर्माण लागतको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।
- कृषि, पशुपन्छी र मत्स्यक्षेत्रको प्रवर्द्धनका लागि यस नगरपालिका क्षेत्रभित्र कृषि उत्कृष्टता केन्द्र स्थापना गर्न मधेश प्रदेश सरकारको समन्वयमा पालिका स्तरवाट आवश्यक कार्य अगाडि वढाइनेछ ।
- 'व्यवसायिक रुपमा काम गर्ने सवै किसानलाई उत्पादनमा आधारित अनुदान' नीति अवलम्वन गरिनेछ । दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- स्थानीय संचार माध्यममा स्थानीय कृषि प्रणालीमा आधारित "कृषि कार्यक्रम" संचालन गरिनेछ ।
- नगरको उपयुक्त स्थानमा वहुउपयोगी सिंचाईको लागि पक्की कुलो निर्माणलाई प्राथमिकता दिइनेछ ।
-

**ख.उद्योग, व्यापार, व्यवसाय**

- विकासको मेरुदण्डको रुपमा रहेको उद्योग तथा कलकारखानाका लागि यातायात, सञ्चार, पर्याप्त जमिन लगायतका पूर्वाधारको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकामा लघु, घरेलु र साना उद्यो तथा व्यवसाय दर्ता, अद्यावधिक तथा नवीकरणको व्यवस्था मिलाइनेछ ।
- यस नगरपालिका क्षेत्रभित्र स्थापित २० जना भन्दा वढीलाई रोजगार दिने उद्योगहरुलाई लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ ।
- हरिपुर्वा नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने युवा तथा महिलाहरुलाई उद्यमशिलता तालिम प्रदान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा छुट दिइने नीति अवलम्वन गरिनेछ ।

**ग. पर्यटन तथा सस्कृति :**

- नगरपालिका क्षेत्रभित्र रहे भएका साँस्कृतिक तथा धार्मिक स्थलको संरक्षण गरी पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- धार्मिक पर्यटकहरुलाई वसोवासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा धर्मशाला निर्माण गरिनेछ ।
- चाडपर्व, मेला र विवाह समारोहमा आउने व्यक्तिहरुको वसोवासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु निर्माणमा जोड दिइनेछ ।
- नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा छठघाट निर्माण गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गर्न होटल व्यवसायीलाई प्रोत्साहित गरिनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

- नगरस्तरीय भाषा, कला संस्कृति प्रवर्द्धनका लागि मधेश वहु सांस्कृतिक सङ्ग्रालय निर्माण गर्ने कार्यको लागि आवश्यक पहल गरिनेछ ।
- समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्रका आदिवासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तय गरिनेछ ।
- नगर क्षेत्रभित्र वैवाहिक समारोह लगायत अन्य सामाजिक कार्यकमको लागि अत्याधुनिक भवन वनाउन अन्य निकायसँग सहकार्य गरी वा व्यवस्थापनको जिम्मा दिई निमार्णकार्य गराईने छ ।
- मधेस प्रदेश सरकार संग समन्वय गरि विभिन्न पोखरी सौन्दर्यकरण गरिनेछ ।

## घ. गरिबी न्यूनिकरण र सहकारी

- गरिवी न्यूनिकरणका लागि विभिन्न शिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गरिवी न्यूनीकरणकालागि सहकारीको माध्यमवाट विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहकारी दर्ता, नवीकरण, नियमनको कार्यलाई प्रभावकारी बनाइनेछ ।
- सहकारीहरुलाई रोजगारीमूलक विभिन्न उद्यमहरु र व्यवसायीक कार्यक्रमहरु सञ्चालन गर्न प्रोतसाहन गरिनेछ ।
- स्वरोजगार तथा रोजगारमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
- आ.व ०८१।०८२ मा सवै सहकारीलाई कोपोमिसको पहुच पर्याईनेछ ।
- निस्कृय रहेका सहकारीलाई मर्ज तथा खारेजी गरिनेछ ।
- सबै सहकारीलाई व्यवसाय दर्ता नविकरणको दायरामा ल्याइनेछ ।

## २. सामाजिक विकास क्षेत्र

### क.शिक्षा :

- शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दैसमग्र शिक्षा प्रणालीको सुधारका लागि योजनावद्ध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यलाई प्रभावकारी कार्यान्वयन गराईनेछ ।
- लैङ्गिकमैत्री तथा वालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार, दरवन्दी मिलान, विद्यालय अनुगमन, दिवा खाजा, विद्यार्थी भर्ना अभियान, केही विद्यालयको विस्तृत योजना तयार पार्ने, सबै विद्यालयलाई पूर्ण सरसफाईयुक्त, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको

नगर प्रमुख
विनोद कुमार साह

निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन ।

- सामुदायिक विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात कायम गरी प्रभावकारी शिक्षण सिकाईमा टेवा पु-याउन स्वयम्सेवक शिक्षकको व्यवस्था मिलाईनेछ । सबै सामुदायिक विध्यालयमा यसै आ. व देखि स्थानीय पाठयक्रम लागु गरिनेछ।
- सामुदायिक अध्ययन केन्द्रलाई सक्रिय बनाई साक्षरता अभियानलाइ प्रभावकारी बनाइनेछ
- शिक्षकको अभाव भएको बिध्यालयमा नगर स्वयमसेवक शिक्षकको पदपुर्तिद्धारा पुरा गरिनेछ । विगतमा पदपुर्ति भएका स्वयमसेवक शिक्षकलाई निरन्तरता दिइनेछ ।
- विध्यालय अनुगमन कार्यालय प्राथमिकता दिईनेछ।
- वडा नं ८ को कन्या प्रा. विको भवन यसै आ.व ०८१।०८२ मा सम्पन्न गरिनेछ।
- वडा नं ९ को वहुरुम मदरसाको अधुरो भवन यसै वर्ष सम्पन्न गरिनेछ।
- रामजानकी मा.वि बसन्तुरको भवन निर्मान कार्य यसै आ.व मा सुरु गरिनेछ।

- विद्यालयको पहुँच भन्दा वाहिर रहेका बालबालिकाहरुको लागि वैकल्पिक शिक्षाको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयमा संचालन गरिने अर्धवार्षिक तथा वर्षिक परीक्षा व्यवस्थित, मर्यादित र अनुशासित बनाइनेछ ।
- सामुदायिक विद्यालयमा आवश्यक पर्ने परिक्षा सञ्चालन खर्च नगरपालिकाबाट व्यवस्था गरिनेछ ।
- उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- शैक्षिक संस्थाहरुमा ध्यान र योग शिक्षा कार्यान्वयनका लागि प्रोत्साहन गरिनेछ ।
- कम्प्यूटर नभएका सामुदायिक विद्यालयहरुलाई कम्प्यूटर वितरण गरिनेछ ।
- फर्निचर अभाव रहेका सामुदायिक विद्यालयहरुलाई फर्निचरको व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा अध्ययनरत किशोरी छात्राहरुको लागि सेनटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ख.स्वास्थ्य :**

- आयुर्वेद चिकित्सा प्रणालीको प्रभावकारी विकास गरिदै लगिनेछ।
- आयुर्वेद भवन निर्माण सुरु भैसकेको र आ.व ०८१।८२ मा निर्माण सम्पन्न गरिनेछ।

- 'स्वस्थ नगरवासी : समृद्ध नगर' भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरुलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरुको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त स-सर्त कार्यक्रमको अझै प्रभावकारी तवरले कार्यान्वयन गरिनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

- स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी बजेट व्यवस्था गरिनेछ भने सहरी स्वास्थ्य क्लिनिकहरुलाई व्यवस्थित गर्नको लागि आवश्यक रणनीति तय गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।
- सार्वजनिक संघ संस्था, सरकारी कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरुमा मदिरा र सुर्तिजन्य पदार्थको सेवन निषेध गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार सहितको कार्यक्रम संचालनमा ल्याइनेछ ।
- नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुमा मासिक रुपमा आलोपालो गरी विशेषज्ञ चिकित्सकहरुको व्यवस्था गरी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- नगर अस्पताल, स्वास्थ्य चौकी र स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर सेवा विस्तारको लागि भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।
- नगर क्षेत्रभित्रका महिलाहरुको लागि प्रजनन स्वास्थ्य रुग्णता (पाठेघरको भि.आइ.ए.जाँच) कार्यकम सवै वडाहरुमा संचालनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- क्षयरोग विशेष कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- विशेषज्ञ चिकित्सकवाट विभिन्न रोगहरुको परिक्षण गरी उपचार गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- आ.व ०८१।८२ बाट हरिपुर्वा २ मा रहेको १५ शैयाको आस्पताल पुर्ण रुपमा संचालन गरिनेछ।
- हरिपुर्वा ७ बसन्तुरमा वर्थिङ सेन्टर यसै आ.व मा संचालन गरिनेछ। जसको लागि आबश्यक वजेट विनियोजन गरिनेछ।
- महिला स्वास्थ्य स्वयमसेविकालाई विगतमा प्रदान गरिदै आएको सेवा सुविधालाई यस आ.व मा समेत निरन्तरता दिईनेछ।
- विपन्न नागरिक औषधी उपचार खर्च वितरण यस आ. व बाट व्यवस्था गरिनेछ।

## ग. खानेपानी तथा सरसफाइ

- हरिपुर्वा नगरवासीलाई आगामि आ.व.मा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
- प्रदेश सरकार, संघीय सरकार र विभिन्न संघसंस्थासँग समन्वय गरी सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।
- **"हरिपुर्वा नगर, स्वच्छ शहर"** को लक्ष्य सहित हरिपुर्वा नगरपालिका क्षेत्रमा सरसफाइका कर्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हालको फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउँदै फोहोर व्यवस्थापनको लागि फोहोर संकलन केन्द्र, फोहोरमैला दहन र ल्याण्डफिल साइडको सम्भाव्य अध्ययन गरी सो को डि.पी.र. तयार गरिनेछ ।
- NWASH सम्वन्धी निति यसै आ.व मा पारित गरिनेछ।

नगर प्रमुख
बिनोद कुमार साह

➢ वाके स्रगामपुर सडक अन्तर्गत खिला देखि हरिपुर्वा नयाँ वजार सम्म फोहोर मैला संकलनको लागि चोक चोकमा डस्टविनको व्यवस्था गरिनेछ।

➢ यस आ.व मा निर्माण भएका र निर्माणधिन रहेका समरसिल वोर्डिङ को पुर्ण कार्यान्वयन गरिनेछ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

- महिला, वालवालिका तथा फरक क्षमता भएकाहरुसँग सम्वन्धित चेतनामूलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशासन र वितरण गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिलाको नाममा संचालित व्यवसाय र सम्पत्ती करमा छुटको गराइनेछ ।
- पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको पहल गरिनेछ ।
- जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा वालअधिकार सम्वन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालवालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालवालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।
- समावेशी विकासका सम्वन्धमा संविधान प्रदत्त हकहरु तदारुपकताका साथ कार्यान्वयनमा ल्याईनेछ ।
- नगर क्षेत्रभित्र वालवालिकाको नेतृत्व विकासको लागि वाल क्लव, वाल संजाल गठन र सञ्चालन कार्यक्रम संचालन गरिनेछ । आवश्यक आधुनिक “वाल उद्यान” निर्माण कार्यको थालनी गरिनेछ ।
- नगर भित्रका विभिन्न दासंस्कार स्थलहरुको स्तरोउन्नती तथा व्यवस्थापनलाई प्रभावकारी वनाइनेछ ।
- अपाङ्ग र फरक क्षमता भएकालाई मनोवल उच्च वनाउने कार्यक्रम ल्याइनेछ ।
- नगर भित्र रहेका ११ वटा वाल क्लव र १० वटा वाल अधिकार समितिलाई सकृया बनाइनेछ।
- वाल कोष र लैगिंक हिसां निवारण कोष खडा गर्न आ. व ०८१।०८२ मा वजेटको ब्यबस्था गरिनेछ।
- वाल प्रोफाइललाई स्वीकृत गरि सोही वमोजिमको योजना तर्जुमा गरिनेछ।
- वडास्तरीय बालमैत्री सिकाइ केन्द्रको प्रवर्धन गरिनेछ ।
- "असहाय तथा गरिवके साथ मेयर" कार्यक्रम संचालनमा ल्याईनेछ।

नगर प्रमुख
विनोद कुमार साह

ङ. युवा, खेलकुद तथा कला

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्‍याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ । युवाहरुको क्षमता प्रष्फुटनका लागि युवा परिचालन कार्यक्रम संचालन गरिनेछ ।
- नगर स्तरीय खेलकुद विकास गर्न प्रत्येक वर्ष "मेयर कप" प्रतियोगितताको आयोजना गरिनेछ ।
- आगामि आ.व. देखि लोप हुँदै गएको स्थानीय खेलकुदहरुको विकासको लागि आवश्यक कार्य गरिनेछ ।
- खेलकुद र कलाको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. पूर्वाधार तथा शहरी विकास क्षेत्र :

क. वस्ती विकास, आवास तथा भवन निर्माण :

- हरिपुर्वा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य गरिनेछ ।
- भवन निर्माण मापदण्ड २०७२ को आधारमा भवन निमांण तथा सडक मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिनेछ ।
- सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्वन्धी तालीम दिई दक्ष बनाइनेछ ।
- नगर भित्रका भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्वासीलाई सुरक्षित बसोवासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- सामुदायिक दलित वस्तीको लागि आवश्यक योजना वनाइनेछ ।
- हरिपुर्वा नगरलाई उज्यालो नगर बनाउन सोलार लाइट जडान कार्यलाई प्राथमिक्ताकासाथ निरन्तरता दिइनेछ ।
- नगरपालिका अन्तर्गत रहेका कार्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ ।

ख. सडक, पुल तथा यातायात

- सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्वन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- ट्राफिक सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक वर्ष २०८१/०८२ मा नयाँ पक्की सडक निर्माणको अलावा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्व दिइनेछ । पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइनेछ ।हर्साहा झो.पु, झिम खोला पुल, हरैया मर्जुवा जोड्ने सडक यसै आ. व मा संचालनमा ल्याईनेछ।
- प्रत्येक वडालाई राजमार्गसँग जोड्ने गरी मुल सडकको रुपमा स्तरोन्नती गरिनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

- हरिपुर्वा नगरपालिका रिङ्ग रोड वारे सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना-प्रस्ताव तयार गरी निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- नगरको विद्युत सेवालाई भरपर्दो र प्रभावकारी वनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक वत्ती, सोलर/टावर लाईट आदिको व्यवस्थापन लगायतका पूर्वाधारका निर्माणको कामलाई प्राथमिकता दिईनेछ ।
- आ.व ०८१।०८२ मा नयाँ पक्की सडक निर्माण तथा हरिपुर्वा धनकौल सडक कालोपत्रे गर्ने कार्य सम्पन्न गरिनेछ ।पक्की सडक निर्माणमा लागत साझेदारीलाइ प्राथमिकता दिईनेछ।

### ग. सूचना, सञ्चार तथा प्रविधि

- सूचना प्रविधिसँग सम्वन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।
- जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनता सँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयवाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ ।
- हरिपुर्वा नगरको प्रत्येक वाडामा सञ्चालित Free Wifi Zone कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका र नगरपालिका अन्तर्गत रहेका वडा कार्यलय तथा विषयगत शाखाहरुबाट अनलाइन सेवाप्रवाह गर्ने व्यवस्था गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्र

### क. वन तथा जैविक विविधता

- **"हमर नगर, हरित शहर" को लक्ष्यका साथ** वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका "खुला क्षेत्र" लाई पर्यावरणीय स्थलको रुपमा विकास गरिनेछ ।
- नगर वासीलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ ।
- खाली, सार्वजनिक, वाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा "वृक्षारोपण" तथा "वन विस्तार कार्यक्रम" र समृद्दिको लागि वन कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- "नर्सरीको स्थापना, स्तरोउन्नती" लगायतका कामहरु संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ ।
- सार्वजनिक जग्गामा र नीजि जग्गामा वन पैदावरको उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउने गरी वृक्षारोपण तथा निजी वन लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- सरकारी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी पर्यावरण विकास र संरक्षण कार्यलाई जोड दिइनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

## ख. वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

- "ग्रीन हरिपुर्वा , क्लिन हरिपुर्वा  भन्ने लक्ष्यका साथ सुरुवात गरिने हरियाली प्रवर्द्धन अभियानलाई प्रत्येक टोल विकास संस्था मार्फत वस्तीस्तरसम्म पुऱ्याइने छ । हरियाली प्रवर्द्धनमा पुऱ्याएको योगदानका आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।
- गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा सहभागी बनाइनेछ ।
- वस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्द्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी वृक्षरोपण कार्यक्रमलाई समेत लागत स्टिमेट्मा समावेश गरी योजना सम्झौता गर्ने प्रणालीको विकास गरिनेछ ।
- नया सडक निर्माण गर्दा वन संरक्षणलाई विशेष ध्यान दिईनेछ।

## ग..महामारी तथा विपद् व्यवस्थापन

- आर्थिक वर्ष २०८१/०८२ मा दमकल  खरिदको लागि साझेदार निकायहरु संग समन्वय र सहकार्य गरिनेछ
- विपद् व्यवस्थापन कोषमा थप रकम जम्मा गर्नको लागि सहयोगीहरुलाई आव्हान गरिनेछ भने उक्त रकमको परिचालनलाई थप व्यवस्थित गरिनेछ । विपद् व्यवस्थापन गर्न पूर्वतयारी सम्वन्धी विविध कार्यहरु संचालन गरिनेछ ।
- नगर भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपत व्यवस्थपन,  क्षति न्यूनीकरण  लगायतका विषयहरुलाई समेटी पूर्व तयारी  रणनीति तय गरिनेछ  ।
- बाढी, आगलगी, हावाहुरी तथा डुवान लगायतका विपद कार्यलाई न्यनीकरण गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, सघन समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ भने नदी कटानको क्षेत्र व्यवस्थापन आवश्यक रणनीति तय गरिनेछ ।
- भरपर्दो विपत व्यवस्थापन कोष खडा गरि विपत व्यवस्थापन समितिलाई सकृय बनाई अघि बढिनेछ।

## ५. सुशासन तथा संस्थागत व्यवस्था

### क. स्थानीय नीति, ऐन तथा सुशासन

- नगरपालिकालाई आवश्यक कानुन निर्माण गरिनेछ ।
- अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गरिनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

## ख. सङ्गठनात्मक विकास तथा सेवा प्रवाह

- कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापन योग्य सूचक सहितको "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी कर्मचारीलाई प्रोत्साहित गर्न अतिरिक्त सेवा र समयको आधारमा सुविधा प्रदान गरिनेछ ।
- नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।
- नगरपालिका वा सम्पूर्ण वडाहरुमा कम्प्यूटर प्रणालीवाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित वनाइने छ ।
- नगरपालिकाको संगठन संरचना अध्ययन गरी नगर सरकारको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।
- नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी ३ वर्षमा नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" (Center for Excelence) को रुपमा विकास गरिनेछ ।
- नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमश: डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी वनाईनेछ । नगर सरकारका निर्णय प्रक्रिया सरल, सहज र पारदर्शी वनाउँदै नजितामुखी कार्यप्रणालीको विकास गरिनेछ ।
- नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र प्रचलित अन्य कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार स्थानीय तह र सामुदायिक संघ संस्थाहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयनमा रहेको छ । न्यायिक समितिको कामलाई वस्तुपरक वनाउन संस्थागत विकास गरिनेछ ।
- विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्वन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टता साथ अगाडी वढाइनेछ ।
- नयाँ कानून, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवं मस्यौदा तयार पारिनेछ ।
- स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।

## ग. श्रोत परिचालन

- नगरवासीलाई कर तिर्नु वोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अवलम्वन गरिनेछ । करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ । आगामी आर्थिक वर्षमा राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ ।
- नेपाल सरकारको निर्णयानुसार स्थानीय तहलाई प्राप्त घर वहाल कर संकलनको अधिकारलाई "संक्षिप्त मापदण्ड" जारी गरी "वृहत अभियान" का साथ संकलन गरिनेछ । यो कर लागू गर्दा जग्गाको मूल्यांकन र दरलाई सर्वसाधारणको हितलाई ध्यान दिएर निर्धारण गरिनेछ ।

नगर प्रमुख
विनोद कुमार साह

घ. योजना व्यवस्थापन

- नगरबासीहरुका विकासका आकांक्षालाई पूरा गर्न एवं समृद्ध नगरको सपनालाई यथार्थतामा परिणत गर्न योजना प्रणालीको अहंम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यवहारिक समुदायको अवनत्व रहने, टिकाउ र गुणस्तरीयता निर्माणको कार्यलाई सुनिश्चितताका साथ प्रोजेक्ट बैंकलाई परिस्कृत तवरले संचालन गरिनेछ।
- केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनावीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको "दीर्घकालिन योजना" निर्माण गरिनेछ।
- आगामी आर्थिक वर्ष २०८१/०८२ मां विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ८० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चितताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र परिचालन गरिनेछ। योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाम मुखी अनुगमनलाई प्राथमिकता दिइनेछ।

ङ. विविध

- गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरुवाट पारदर्शी उत्तरदायी सेवा प्रवाह गराउन निर्देश गर्दै आवश्यक सहयोग पुऱ्याइनेछ।
- नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरुको प्रोफाईल तयार गरि गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी वनाईनेछ।
- आ.व. २०८१/०८२ वाट सम्पूर्ण वडा कार्यालय मार्फत कर, पञ्जीकरण आदि सेवा अनलाईन मार्फत गरिने व्यवस्था गरिने छ।
- नगरपालिका तथा वडा कार्यालयवाट प्रदान गर्ने सेवा चुस्त दुरुस्त र सहज तुल्याइने छ।

आदरणीय नगरसभा सदश्य ज्यु

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सवैको सहकार्य अपरिहार्य छ। यसको सफल कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालय, सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघ संगठनहरु, गैरसरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सवैको सद्भावपूर्ण सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभावाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेमा विश्वस्त हुँदै यस नगर सभाको **तेह्रौ अधिवेशन तथा आठौ बजेट अधिवेशनमा** उपस्थित नगर सभा सदस्यहरु, सम्पूर्ण जनप्रतिनिधि, नगरवासी, राजनैतिककर्मी, पत्रकारहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण सरोकारवाला प्रति सकारात्मक सहयोगको अपेक्षा सहित सवैमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु।

धन्यवाद !

सम्वत २०८१ साल आषाढ १० गते

नगर प्रमुख

विनोद कुमार साह